# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१

## मेलमिलापकर्ताको रुपमा सूचीकृत हुने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८०/०५/१२**

मरिण गाउँपालिका न्यायिक समिति कार्यविधि ऐन, २०७५ को दफा ६० अनुसार मेलमिलापकर्ताको रुपमा आफ्नो नाम सूचीकृत गराउन चाहने मेलमिलाप सम्बन्धी तालिम प्राप्त गरेका व्यक्ति वा मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र मरिण गाउँ कार्यपालिकाको कार्यालयमा देहाय वमोजिमका योग्यता भएका आवेदकहरुले आवश्यक कागजातहरु संलग्न गरी आवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

❖ **आवश्यक योग्यता एवं संलग्न गर्नु पर्ने कागजातहरु :**

१. माध्यमिक तह उत्तीर्ण गरेको ।
२. हाल कुनै राजनीतिक दलप्रति आस्था राखि राजनीतिमा सक्रिय नरहेको ।
३. मेलमिलापकर्ताको तालिम लिएको ।
४. उमेर २५ वर्ष पूरा भएको ।
५. संस्थाको हकमा संस्था दर्ता तथा नवीकरण गरेको ।
६. व्यक्ति भए पासपोर्ट साईजको दुई प्रति फोटो ।
७. माथि जुनसुकै कुरा लेखिएको भएता पनि तालिम लिई हालसम्म काम गरिरहेका मेलमिलापकर्ताहरुले माथि उल्लिखित योग्यता नभएता पनि सूचीकृत हुनका लागि आवेदन दिन वाधा पर्ने छैन ।

**ओम बहादुर दर्जी**
**प्रमुख प्रशासकीय अधिकृत**

*पुनश्चः आवेदन फारम मरिण गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत न्यायिक समितिको सचिवालयमा सम्पर्क गरी एवं सूचनाको साथ संलग्न गाउँपालिकाको फेसवुक पेज वा वेभसाइटबाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।*